जैमिनी नगरकार्यपालिका

बैठक संख्या ३३

आज मिति २०८१ साल असार ८ गते शनिबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ३३ औ बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| क्र स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री विमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | — |
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री हरि बहादुर भुजेल | |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरकार्यपालिका

बैठक संख्या ३३

# कार्यपालिका बैठकका प्रस्ताव सूचि

**मिति २०८१।३।८ गते**

१. राजश्व परामर्श समितिले पेश गरेको अर्थसम्बन्धी विधेयक सम्बन्धमा ।

२. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।

३. आधारभूत स्वास्थ्य सम्बन्धी विधेयक २०८१ सम्बन्धमा ।

४. नगरप्रमुखबाट पेश हुने बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

५. विनियोजन विधेयक २०८१ को प्रस्तावना सम्वन्धमा ।

६. प्रमुख प्रशासकीय अधिकृतबाट नगरकार्यपालिका र कार्यालयको तर्फबाट भए गरेका नीतिगत काम कारवाही सम्वन्धी प्रस्ताव पेश गर्न लगाउने सम्वन्धमा । .

७. विविध

२०८१।३।८

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरकार्यपालिका — बैठक संख्या ३३

## निर्णयहरु

निर्णय नं १

राजश्व परामर्श समितिले पेश गरेको आगामी आर्थिक बर्षका लागि प्रस्तावित गरिएको राजश्वका दरलाई स्वीकृत गरियो । अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विद्येयक, २०८१ लाई स्वीकृत गरि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २

जैमिनी नगरपालिकाको न्यायिक समितिले आर्थिक वर्ष २०८०।०८१मा परेका उजुरी र सो उपर न्यायिक समितिबाट भएका निर्णय सहितको प्रतिवेदन पेश भयो । स्वीकृत भएको प्रतिवेदन स्वीकृत गरि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३

नेपालको संविधानको अनुसुचि ८ को आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धी अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार जैमिनी नगरपालिकाको नगर सभामा जैमिनी नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा विद्येयक २०८१ छलफल पश्चात नगरसभामा पेश गर्न निर्णय गरियो ।

निर्णय नं ४

जैमिनी नगरपालिका बागलुङको पन्ध्रौ नगर सभाको प्रथम बैठकमा नगरप्रमुख श्री नर बहादुर पुनले पेश गर्नु हुने बार्षिक नीति तथा कार्यक्रम माथी छलफल पश्चात सर्वसम्मत रुपमा स्वीकृत गरि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ५

जैमिनी नगरपालिका बागलुङको पन्ध्रौ नगर सभाको दोस्रो वैठकमा नगर उपप्रमुख श्री हरिहर शर्माले पेश गर्नु हुने विनियोजन विद्येयक २०८१ उपर छलफल भई सर्वसम्मत रुपमा स्वीकृतीका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरकार्यपालिका

बैठक संख्या ३३

निर्णय नं ६

जैमिनी नगरपालिकाको पन्ध्रौ नगर सभामा नगरकार्यपालिका र कार्यालयको तर्फवाट भए गरेका नीतिगत काम कारवाही सम्बन्धी तपशिल अनुसारका प्रस्तावहरु स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

१. नगरपालिकाले विगतमा लिएका नीतिहरु कतिपय कार्यान्वयन भएका, कतिपय कार्यान्वयन हुन बाँकी रहेका र कतिपय अन्य निकाय सँगको सहकार्यमा गर्नुपर्ने देखिएका नीतिगत विषयलाई नगर कार्यपालिकाले संविधान तथा प्रचलित कानूनको अधिनमा रहि नीतिगत निर्णय गरि निरन्तरता दिन वा परिमार्जन गर्न सक्ने गरि अधिकार प्रत्यायोजन गरियोस् भन्ने प्रस्ताव गर्ने ।

२. स्थानीय सरकार सञ्चालन ऐनको दफा २२ अनुसार यस अघिका सभाले वनाएको समिति मध्ये विधायन समितिलाई निम्नानुसार हुने गरी पुर्न गठन गर्न प्रस्ताव गर्ने
संयोजक - आनन्द प्रसाद अंगाई
सदस्य - झपिन्द्र कुमारी मल्ल
सदस्य- खगेन्द्र थापा

३. नगरपालिकाको आफ्नै श्रोतवाट सम्पन्न हुन नसक्ने वा रकम अभावका कारणवाट सम्पन्न हुन नसकेका नगर क्षेत्रमा माग भएका आयोजनाहरुको सूचि वनाई नगर सभाको रेड वुकमा समावेश गरि आवश्यकता अनुसार अन्य निकाय सँग माग गर्न वा सिफारिस गर्न कार्यपालिकाको परामर्शमा नगर कार्यपालिका कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव गर्ने ।

४. नगर कार्यपालिका, नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतवाट विगत वर्षहरुको निरन्तरता जस्तै विवेक प्रयोग गरि आवश्यकता र औचित्य पुष्टी हुने गरि समय समयमा गरेका निर्णय तथा आदेशहरु अनुमोदनका लागि पेश गर्ने ।

५. चालु आ.व.को अन्तिम भुक्तानी भई हिसाव कितावको यथार्थ विवरण तयार हुँदा बाँकी हुन आउने रकम अर्थात अ.ल्या. रकम थप हुन गएमा उक्त रकम चालु तथा पूँजिगत शिर्षकमा राखी आवश्यकता अनुसार खर्च गर्न र अल्या रकम कम हुन गएमा आन्तरिक श्रोत (अ.ल्या.) मा समावेश भएका शिर्षक प्रभावित हुँदै जाने प्रस्ताव गर्ने ।

२०८१/३/

हरि बहादुर ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

६. चालु आ.व. २०८०।०८१ मा समपुरक कोषमा विनियोजन भएको रकम र खर्च नभइ बढी बचत भएको अ.ल्या. बांकी भएको रकमबाट विभिन्न आयोजना तथा कार्यक्रममा कार्यपालिकाको निर्णयानुसार कार्यक्रम र बजेट स्वीकृत भै खर्च भएको रकम नगर सभाबाट अनुमोदन गरियोस भन्ने प्रस्ताव गर्ने ।

७. यस भन्दा अगाडिका आ.व. को अन्तिम लेखा परीक्षण हुँदा महालेखा परीक्षकको कार्यालयबाट प्राप्त प्रतिवेदनमा औल्याइएका बेरुजुको अध्ययन गरी बेरुजु आएको पाइएमा उक्त प्रतिवेदन अनुसार थप प्रमाण जुटाउनु पर्ने भएमा जुटाउने, बेरुजुको लगत अद्यावधिक गर्ने र बांकी देखिएको बेरुजु फर्छ्यौटका लागि आवश्यक उपायहरु अपनाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने प्रस्ताव पेश गर्ने ।

८. न्यायिक समिति जैमिनी नगरपालिका अन्तरगत रही सामुदायिक मेलमिलापकर्ताको रुपमा कार्य गर्न जैमिनी नगरपालिका न्यायिक समिकार्यविधि सम्वन्धि ऐन २०७५) को दफा ५९ वमोजिम आवस्यक योग्यता पुरा भएका तपसिल वमोजिमका मेलमिलापकर्ताको नामावली नगरसभाबाट अनुमोदनका लागि पेश गर्ने ।

<u>तपसिल</u>

२०८१/३/८

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | नाम थर/ | ठेगाना | फोन नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | डिल्ली प्रसाद शर्मा | जमिनी नगरपालिका वडा न. १ वागलुङ | ९८४७६३९७९५ | |
| २ | खिमकला राना थापा | जमिनी नगरपालिका वडा न. १ वागलुङ | ९८४७६७६४६८ | |
| ३ | मति प्रसाद शर्मा | जमिनी नगरपालिका वडा न.१० वागलुङ | ९८४७६५८२०४ | |
| ४ | भेषराज शर्मा पौडेल | जमिनी नगरपालिका वडा न. १ वागलुङ | ९८५७६२००४२ | |
| ५ | लक्ष्मी प्रसाद सापकोटा | जमिनी नगरपालिका वडा न. २ वागलुङ | ९८५७६४०९९९ | |
| ६ | कमल थापा | जमिनी नगरपालिका वडा न. ३ वागलुङ | ९८६९२९३०५५ | |
| ७ | तारादेवी पुन | जमिनी नगरपालिका वडा न. ३ वागलुङ | ९८४७७२५९६६ | |
| ८ | हिरादेवी शर्मा | जमिनी नगरपालिका वडा न. ४ वागलुङ | ९८४९९०५९९९ | |
| ९ | हिरा थापा | जमिनी नगरपालिका वडा न. ४ वागलुङ | ९८६१५४३३४२ | |
| १० | लिला हरिजन | जमिनी नगरपालिका वडा न. ४ वागलुङ | ९८४२८१४३८४ | |
| ११ | शुशिला देवी शर्मा | जमिनी नगरपालिका वडा न. ४ वागलुङ | ९८४७६२९०५० | |
| १२ | कुमारी झक्षेत्रि रोका | जमिनी नगरपालिका वडा न. ५ वागलुङ | ९८४७६८३७९६ | |
| १३ | गोपाल प्रसाद शर्मा | जमिनी नगरपालिका वडा न. ५ वागलुङ | ९८५७६२२१२४ | |
| १४ | चिन्तामणी आचार्य | जमिनी नगरपालिका वडा न. ५ वागलुङ | ९८५७६२९९९० | |
| १५ | उमाशर्मा चालिसे | जमिनी नगरपालिका वडा न. ५ वागलुङ | ९८४७६५५६६० | |
| १६ | ममता पाठक पाण्डे | जमिनी नगरपालिका वडा न. ५ वागलुङ | ९८६७७६५९१७ | |
| १७ | नर बहादुर थापा | जमिनी नगरपालिका वडा न. ६ वागलुङ | ९८४४८९८१२ | |
| १८ | उमाश्रीस पुन | जमिनी नगरपालिका वडा न. ६ वागलुङ | ९८४२२७१६४८ | |
| १९ | दल बहादुर थापा | जमिनी नगरपालिका वडा न. ६ वागलुङ | ९८५७६३१६२२ | |
| २० | किरण शर्मा | जमिनी नगरपालिका वडा न. ७ वागलुङ | ९८६९२४८३१४ | |
| २१ | बम बहादुर क्षेत्री | जमिनी नगरपालिका वडा न. ७ वागलुङ | ९८५७६८८८०० | |
| २२ | लिला राना | जमिनी नगरपालिका वडा न. ७ वागलुङ | ९८५७६२२२४३ | |
| २३ | दुर्गादेवी थापा | जमिनी नगरपालिका वडा न. ७ वागलुङ | ९८४७६८०७२८ | |
| २४ | माया शर्मा सुबेदी | जमिनी नगरपालिका वडा न. ७ वागलुङ | | |
| २५ | डिल्लिराम सुबेदी | जमिनी नगरपालिका वडा न. ७ वागलुङ | ९८४७६८०९३९ | |
| २६ | कुल बहादुर पुन | जमिनी नगरपालिका वडा न. ८ वागलुङ | ९८५७६२१८९० | |
| २७ | विजय शर्मा | जमिनी नगरपालिका वडा न. ८ वागलुङ | ९८५७६२०२०४ | |
| २८ | गिरि प्रशाद शर्मा | जमिनी नगरपालिका वडा न. ९ वागलुङ | ९८४७६७९६१७ | |
| २९ | टेक बहादुर राना | जमिनी नगरपालिका वडा न. ९ वागलुङ | ९८४७७०४४३९ | |
| ३० | गंगा परियार | जमिनी नगरपालिका वडा न. ९ वागलुङ | ९८४७७४०५७५ | |
| ३१ | झलक बहादुर पुन | जमिनी नगरपालिका वडा न. १० वागलुङ | ९७६५२१७३१९ | |
| ३२ | एलु थापा | जमिनी नगरपालिका वडा न. १० वागलुङ | ९८४७७४०५७५ | |

९. नगरपालिका क्षेत्रमा संचालन हुने सभा, सेमिनार, गोष्ठी र कार्यशाला जस्ता प्रशिक्षण कार्यक्रममा खर्च गर्दाका मापदण्ड (नर्मस) स्वीकृतीको लागि पेश गर्ने ।

तपसिल

२०७९/३/८

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

## सभा, सेमिनार, गोष्ठी, तालिम र कार्यशाला जस्ता प्रशिक्षण कार्यक्रममा खर्च गर्दाका मापदण्ड (नर्मस)

| क्र.स. | शिर्षक | नगरपालिका कार्यालयवाट केन्द्रमा संचालित | नगरपालिका केन्द्र बाहिर वडामा संचालित |
|---|---|---|---|
| १ | संयोजक भत्ता प्रति दिन | १५०० | १२०० |
| २ | १ सहजकर्ता बाहिरबाट बोलाउदा (प्रति कक्षा) अधिकृत स्तर<br>कार्यपत्र बापत<br>प्रबचन बापत<br>२ सहजकर्ता आन्तरिक (प्रति कक्षा) कार्यपत्र र प्रबचन बापत | <br>१५००<br>१०००<br>१५०० | <br>१०००<br>८००<br>१२०० |
| ३ | १ सहजकर्ता बाहिरबाट बोलाउदा (प्रति कक्षा) सहायक स्तर<br>कार्यपत्र बापत<br>प्रबचन बापत<br>२ सहायक सहजकर्ता आन्तरिक कार्यपत्र र प्रबचन बापत | <br>१२००<br>१०००<br>१००० | <br>८००<br>७००<br>७०० |
| ४ | गोष्ठी सेमिनार सम्मेलन कार्यशाला कार्यक्रमको टिप्पणीकर्ता पारिश्रमिक | १००० | ९०० |
| ५ | सीप बिकास तालिम<br>क कक्षागत व्यबस्थामा (प्रति कक्षा) कार्यपत्र/ कक्षा संचालन<br>ख आबधिक व्यबस्थामा<br>३० कार्यदिन सम्म सहजकर्ता बाहिरबाट बोलाउदाः<br>मूख्य प्रशिक्षक कार्यपत्र/ कक्षा संचालन<br>सहायक प्रशिक्षक कार्यपत्र/ कक्षा संचालन<br>३० कार्यदिन भन्दा बदी सहजकर्ता बाहिरबाट बोलाउदाः<br>मूख्य प्रशिक्षक कार्यपत्र/ कक्षा संचालन<br>सहायक प्रशिक्षक कार्यपत्र/ कक्षा संचालन (मासिक) | <br>१०००/७००<br><br><br>१४००<br>१४००/१०००<br>१२००/८००<br>२००००<br>१५००० | <br>७००/७००<br><br><br>१०००<br>१०००/७००<br>७००/७००<br>१००००<br>८००० |
| ६ | सहयोगी कर्मचारी पारिश्रमिक प्रति दिन | ५०० | ४०० |
| ७ | प्रशिक्षण सामाग्री, (३ दिन भन्दा बढी भएमा प्रति दिन थप रु ५००) | ३००० | २००० |
| ८ | फोटोकपी | आवस्यकता अनुसार | आवस्यकता अनुसार |
| ९ | सहभागी यातायात खर्च एकोहोरो अधिकतम | ५०० | ३०० |
| १० | सहभागी भत्ता | १००० | ७०० |
| ११ | सहभागी खाजा | २०० | २०० |
| १२ | सहभागी खाना | ३५० | ३५० |
| १३ | सहभागी स्टेशनरी | १५० | १५० |
| १४ | प्रतिवेदन लेखन | ३००० | २००० |
| १५ | हल भाडा | आवस्यकता अनुसार | आवस्यकता अनुसार |
| १६ | विविध | ५००० | ३००० |
| **अनुगमन सम्बन्धी** | | | |
| क | पदाधिकारी तथा अधिकृतस्तर प्रति दिन | १६०० | १२०० |
| ख | सहायक स्तर प्रति दिन | १२०० | १००० |

२०७९/४/
हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

१०. आर्थिक बर्ष २०८०।०८१मा यस कार्यालयलाई आवश्यक भई नगर कार्यपालिकाको निर्णय द्वारा प्रस्तावित विभिन्न सेवा समूहका पदहरु र संघीय सरकार सशर्त अनुदान तथा संघीय सरकार प्रदेश सरकार र नगरपालिका बीच साझेदारी तर्फका अस्थायी / करार / ज्यालादरी रुपमा निरन्तर रुपमा कार्यरत विभिन्न सेवा समूहका पदहरु स्वीकृत र म्याद थप गर्ने । साथै प्राविधिक तथा श्रेणीविहिन कर्मचारी छनौट सम्बन्धी कार्यविधि अनुसार छनौट भई विभिन्न पदमा नियुक्त भएका कर्मचारीको नियुक्ती सदरका लागि पेश गर्ने।

| क्र.स | पद | सेवा/समूह | श्रेणी/तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ईन्जिनियर | प्राविधिक | अधिकृत छैठौ | १ | नगरपालिका तर्फ |
| २ | सुचना प्राविधिक अधिकृत | प्राविधिक | अधिकृत छैठौ | १ | PLGSP |
| ३ | रोजगार संयोजक | अप्राविधिक | अधिकृत छैठौ | १ | PMEP |
| ४ | कृषि स्नातक प्राविधिक | प्राविधिक | अधिकृत छैठौ | १ | संघीय शसर्त |
| ५ | रोजगार सहायक | प्राविधिक | सहायक पाचौ | १ | PMEP |
| ६ | सहायकस्तर पाचौ | अप्राविधिक | सहायक पाचौ | १ | नगरपालिका तर्फ |
| ७ | सहायकस्तर चौथो | अप्राविधिक | सहायक चौथो | ३ | नगरपालिका तर्फ |
| ८ | रोजगार प्राविधिक | प्राविधिक | सहायक पाचौ | १ | PMEP |
| ९ | एम.आइ.एस.अपरेटर | प्राविधिक | सहायक पाचौ | २ | १ संघीय ससर्त १ नगरपालिका तर्फ |
| १० | फिल्ड सहायक | प्राविधिक | सहायक चौथो | १ | सामाजिक सुरक्षा तथा पंञ्जिकरण संघीय ससर्त |
| ११ | ना.प्रा.स./ना.प्रा.स्वा.प्रा | कृषि ४/पशु ५ | सहायक चौथो | ९ | OVOT+ नगरपालिका |
| १२ | सव-ईन्जिनियर | प्राविधिक | सहायक पाचौ | २ | नगरपालिका तर्फ |
| १३ | अ.सव-ईन्जिनियर | प्राविधिक | सहायक चौथो | २ | नगरपालिका तर्फ |
| १४ | अमिन | प्राविधिक | सहायक चौथो | १ | नगरपालिका तर्फ |
| १५ | हे.अ | प्राविधिक | सहायक पाचौ | १ | शसर्त |

२०८१/३/८

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | नेत्र सहायक | स्वास्थ्य /अप्टिसियन | सहायक पाचौ | १ | नगरपालिका तर्फ |
| १७ | अ.न.मी. | स्वास्थ्य /क.न | सहायक चौथो | ३ | कार्यक्रम तर्फ |
| १८ | अ.न.मी. | स्वास्थ्य /क.न | सहायक चौथो | ५ | नगरपालिका तर्फ |
| १९ | अ.हे.ब. | स्वास्थ्य /हे.इ | सहायक चौथो | ५ | नगरपालिका तर्फ |
| २० | ल्याव अ. | स्वास्थ्य /मे.ल्या.टे | सहायक चौथो | १ | नगरपालिका तर्फ |
| २१ | डोजर अपरेटर | | तहविहिन | १ | नगरपालिका तर्फ |
| २२ | हलुका सवारी चालक | | तहविहिन | ३ | नगरपालिका तर्फ |
| २३ | कार्यालय सहयोगी | | श्रेणीविहिन | २८ | नगरपालिका तर्फ |
| २४ | ईलेक्ट्रिसियन | | | १ | ज्यालादारी |
| २५ | खेलकुद शिक्षक | प्राविधिक | श्रेणीविहिन | १ | नगरपालिका तर्फ |
| २६ | वित्तिय साक्षरता सहजकर्ता | प्राविधिक | सहायक पाचौ | १ | संघीय शसर्त+ नगरपालिका |
| २७ | मनोसामाजिक परामर्शकर्ता | प्राविधिक | सहायक पाचौ | १ | संघीय शसर्त+ नगरपालिका |
| २८ | नगर बालमैत्री सहजकर्ता | | तहविहिन | १ | नगरपालिका तर्फ |
| २९ | वडा बालमैत्री सहजकर्ता | | तहविहिन | १० | नगरपालिका तर्फ |
| ३० | लघुउद्यमी सहजकर्ता | | तहविहिन | १ | शसर्त |
| ३१ | रिटर्नी स्वयंसेवक | प्राविधिक | तहविहिन | ३ | नगरपालिका तर्फ |
| | | | जम्मा | ९४ | |

११. जैमिनी नगरपालिकाको १४ औ नगर सभा पछि विभिन्न मितिमा ६ वटा कार्यपालिकाको बैठक बसेको जानकारी गराउदै बैठकबाट स्वीकृत वा संसोधन भएका नियमावली, कार्यविधि र मापदण्ड सहित कार्यालयले लिएका सम्पूर्ण निर्णयहरुको अनुमोदनका लागि पेश गर्ने ।

२०८१/३१८
हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरकार्यपालिका | बैठक संख्या ३३

निर्णय नं ७

जैमिनी नगरपालिकाको १५ नगर सभा भव्य र सभ्य रुपमा सञ्चालन गर्न सबैले रचनात्मक सल्लाह सुझाव सहित आ आफ्नो भूमिका निर्वाह गर्ने निर्णय गरियो ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत